Soaltee Hotel Limited

मिति: २०८० माघ ५
(१९ जनवरी २०२४)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति **२०८० साल पौष २६** गते तद्नुसार ११ जनवरी २०२४, विहिबारका दिन बिहान १०.३० बजे, **नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय,** कमलादी, काठमाडौं, नेपालमा विधिवत सम्पन्न भएको कम्पनीको **४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)** कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति नेपाली राष्ट्रिय दैनिक आर्थिक अभियानमा प्रकाशित समेत गरिएको जानकारी गराउदै **४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण** को पूर्णपाठको एक प्रति यसै साथ संलग्न गरी पठाएको ब्यहोरा अनुरोध छ ।

स:धन्यवाद ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

भवदीय,

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :–**

१ ४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)

# सोल्टी होटल लिमिटेड

## ४९औं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## (माइन्यूट)

**१. वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस सोल्टी होटल लिमिटेड (कम्पनी) को ४९औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यू**को सभापतित्वमा भौतिक तथा अभौतिक भर्चुअल भिडियो कन्फ्रेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत निम्न मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मितिः **२०८० साल पौष २६ गते तद्नुसार ११ जनवरी २०२४, विहिबारका दिन ।**

स्थानः **नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं ।**

समयः **बिहान १०.३० बजे ।**

**३. सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४९औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना **"कान्तिपुर"** राष्ट्रिय दैनिकमा २०८० मंसिर ८ गते तद्नुसार २४ नोभेम्बर २०२३ शुक्रबारका दिन प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ४९औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई **संक्षिप्त वार्षिक आर्थिक विवरण** सभा सम्बन्धी सूचना प्रकाशित गर्दाको बखत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न सक्ने व्यवस्था भए अनुसार संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारी लेखापरीक्षकबाट प्रमाणिकृत सञ्चालकहरुको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण र आर्थिक वर्ष २०७९/८० को **४९औं वार्षिक प्रतिवेदन**को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने व्यवस्था सहितको बिस्तृत ४९औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०८० मंसिर २९ गते तद्नुसार १५ दिसम्बर २०२३ शुक्रबारका दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको ४९औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको सूचना "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०८० पौष ५ गते तद्नुसार २१ डिसम्बर २०२३ विहिबारका दिन पुनः कम्पनीको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनको **४९औं वार्षिक प्रतिवेदन**को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने व्यवस्था सहितको ४९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीको लागि राष्ट्रिय दैनिकबाट सम्प्रेषण गरिएको थियो । साथै, कम्पनीको उपरोक्त ४९औं वार्षिक साधारण सभा सम्बन्धी सबै प्रकाशित सूचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध रहेका छन् ।

साथै, कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको **व्यक्तिगत ईमेल आईडीमा** समेत **ईमेल** गरी **४९औं वार्षिक प्रतिवेदन २०७९/८०** को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code समावेश रहेको कम्पनीको ४९औं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु समेत सम्प्रेषण गरिएको थियो ।

त्यसैगरि, कम्पनीको ४९औं वार्षिक साधारण सभामा शेयरधनीहरुको अभौतिक माध्यम, भर्चुअल भिडियो कन्फरेन्स भर्चुअल वेबिनारको माध्यमबाट सहभागी हुनका लागि आवश्यक प्राविधिक जानकारी समावेश रहेको भर्चुअल भिडियो कन्फरेन्स वेबिनार रजिष्ट्रेशन र सभामा सहभागी हुने जूम लिंक समेत सम्प्रेषण गरिएको थियो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

४. छलफलको विषय

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का वार्षिक आर्थिक विवरणहरु, (**Financial Statements**), २०८० आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (**Consolidated Financial Statements**) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को नाफाबाट शेयरधनीहरुलाई लिन मन्जुर तथा चुक्ता पूँजीको २६.५७८९४७३७% (प्रतिशत) का दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विषेश प्रस्ताव

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

(ग) विविध

६. विविधः अध्यक्षको अनुमति अनुसार ।

५. उपस्थिति

१. संचालकहरुको उपस्थितिः

कम्पनीको ४९औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्रीमती जया राज्य लक्ष्मी शाह (भिडियो कन्फरेन्स मार्फत), श्री युवराज अधिकारी, श्री निरञ्जन कुमार टिवरेवाला, श्री शशी राज पाण्डे, श्री प्रकाश बिक्रम खत्री र श्री दीपक राज जोशी ज्यूहरुको उपस्थिति थियो ।

२. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

कम्पनीको ४९औं वार्षिक साधारण सभामा कम्पनीका उपाध्यक्ष, श्री सुदर्शन चापागाई, दी सोल्टी काठमाण्डौंका महाप्रबन्धक श्री ऋषि चोपडा, कम्पनी सचिव श्री लिल बहादुर खत्री, मुख्य लेखापाल, श्री मुक्तिनाथ श्रेष्ठ, फ्लाइट सर्विसेजका कार्यकारी प्रबन्धक - फ्लाइट सर्विसेज, श्री विवेक टी नाम्बियर, दी सोल्टी काठमाण्डौंका वित्त नियन्त्रक श्री नरेन्द्र न्यौपाने, क्लष्टर प्रबन्धक सूचना प्रविधि, श्री निराजन मान शाक्य, बैधानिक लेखापरीक्षक बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट, प्रबन्ध साझेदार, सि ए श्री बि. के. अग्रवाल, कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता, श्री कोमल प्रकाश घिमिरे, अधिवक्ता, श्री समीर शर्मा, तथा नियामक निकाय कम्पनी रजिष्ट्रारको कार्यालयको तर्फबाट उप रजिष्ट्रार श्री घनश्याम न्यौपाने, शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लि. को तर्फबाट महाप्रबन्धक, श्री सचिन्द्र ढुंगाना, र एशूअन्स तथा रजिष्ट्रार इग्जीक्यूटिव, श्री रेखा पन्त ज्यूहरुको उपस्थिति थियो ।

सोल्टी होटल लिमिटेड काठमाडौं

३. शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | कुल शेयरधनीहरुको उपस्थिति संख्या | ५७१ |

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल शेयरधनी (शेयर रजिष्टर अनुसारको संख्या) | जम्मा शेयरधनीहरुको उपस्थिति | कुल शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुको भर्चुवल/भौतिक उपस्थिति संख्या | १५,२२६ | ५७१ | ३.७५% |

| विवरण | कुल शेयर संख्या (शेयरधनीहरुले ग्रहण गरेको जम्मा शेयर) | जम्मा शेयरधनीहरुको उपस्थितिको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ८,८४,७१,५०६ | ६,८५,१२,२१६ | ७७.४४% |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४९औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४९औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या भर्चुअल र भौतिक गरी जम्मा ५७१ जना र कुल शेयर संख्याको **७७.४४** प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार ४९औं वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ४९औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी **अध्यक्ष, श्री दिनेश बहादुर विष्टज्यू**ले गर्नुहुने जानकारी गराउँदै बिहान १०.३० बजे कम्पनीको ४९औं वार्षिक साधारण सभाको कामकार्यवाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर विष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ४९औं वार्षिक साधारण सभाको कामकार्यवाही अगाडि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूको मन्तव्य

कम्पनीको ४९औं वार्षिक साधारण सभालाई आफ्नो मन्तव्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति, श्री दिनेश बहादुर विष्टज्यूले ४९औं वार्षिक साधारण सभामा भौतिक रुपमा र अनलाइन भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट सगेत उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिनन्दनका साथ अध्यक्षको मन्तव्य प्रकट गर्नुभयो ।

सभापतिज्यूले अन्तर्राष्ट्रिय आतिथ्य सत्कार तथा पर्यटकीय गतिविधिहरूमा उल्लेख्य सुधार आएको तथा विश्व पर्यटन रिकभरी तर्फ तीव्र गतिले अग्रसर रहेको परिदृश्यहरु देखा परेको छ भन्नुहुँदै विश्वभरी नै पर्यटक आगमनमा तिव्र अभिबृद्धि भईरहेको छ भन्नु भयो । नेपालमा हवाई मार्गबाट विदेशी पर्यटकहरुको आगमन गत वर्ष सोही अवधिमा लगभग ५ लाख ४६ हजारको तुलनामा सन् २०२३ वर्षमा लगभग **१० लाख १५ हजार** रहेको उल्लेख गर्नुभयो ।

नेपाल उदियमान दुई अर्थतन्त्र एवं विश्वको एक तिहाई जनसंख्याको बीचमा अवस्थित विश्वको अप्रतिस्पर्धि अद्धितीय पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुँदै गएको र विश्वका अतुलनीय पर्यटक गन्तव्य मध्येको एक आकर्षक, अतुल्य र रमणीय गन्तब्य रहेको छ भन्नु भयो । नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक, पौराणिक र परम्परागत धार्मिक सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन गर्दै सुरक्षित, रमणीय, आकर्षक, अतुल्य, एवं दीगो पर्यटकीय गन्तव्यको विकास अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

आर्थिक वर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ६४.६८ प्रतिशतले बढेको तथा कम्पनीले अघिल्लो आर्थिक वर्षको रु. २९.७२ करोड खुद मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ५५.५० करोड खुद मुनाफा आर्जन गर्न सफल भएको जानकारी सभा समक्ष गराउनु भयो । चालु आर्थिक वर्षको ३१ डिसेम्बर २०२३

सम्मको अवधीमा होटेलले गत आर्थिक वर्षको सोही मितिको कुल आम्दानी रु. ९४ करोड २८ लाख ६० हजारको तुलनामा रु. १ अरव २ करोड २८ लाख ४० हजार कुल आम्दानी भएको तथ्यांक सभा समक्ष जानकारी गराउनु भयो ।

पाँच तारे तथा लक्जरी हेरिटेज बुटीक होटेलहरु बीच तिब्र व्यावसायीक प्रतिश्पर्धा रहेको परिप्रेक्षमा काठमाडौंमा हाल सञ्चालनमा रहेका साविक सात वटा पाँच तारे होटेलहरुका अतिरिक्त कोभिड महामारी पछि सञ्चालनामा आएका नयाँ पाँचतारे होटेलहरुको संख्या लगभग ७१% ले थप सञ्चालन भएकोले संख्यात्मक बृद्धि भएको उल्लेख गर्नुभयो । काठमाण्डौं उपत्यकामा मात्रै अन्तर्राष्ट्रिय चेन होटल व्यावस्थापन सहितका नयाँ होटेलहरु सञ्चालन पछि लगभग २,३५० कोठाहरु थपिएका छन् भन्नु भयो । साथै, पाँच तारे होटेल सेगमेन्टमा ५१ प्रतिशतले कोठा आपूर्तिमा बृद्धि भएको उल्लेख गर्नुभयो । यस परिदृश्यले पाँच तारे होटेलहरु बीच तीब्र प्रतिश्पर्धा हुने र आगामी दिनहरुमा कार्यसम्पादन निकै चुनौतिपूर्ण रहने संकेत गर्दछ भन्नु भयो ।

समिक्षा आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ । कम्पनीले होटेलको दिगो विकासको अवधारणालाई अंगीकृत गरेको छ र प्राकृतिक श्रोत साधनको सन्तुलित र बुद्धिमतापूर्ण प्रयोग गर्दै दीर्घकालिन अवसर प्राप्त गर्न उत्प्रेरित आवश्यकता र चाहना परिपूर्तिका गर्नका लागि भविष्यसँग सम्भौता नगर्ने, संस्थागत क्षमताको विकास गर्ने तथा श्रोत - साधनहरुको उपयोगमा नैतिकता र विवेकशीलता कायम राख्ने जस्ता दीगो विकासका अवधारणाहरु प्रति दायित्वबोध गर्दै व्यावसायीक लक्ष्य हाँसिल गर्न सकिने लक्ष्य लिएको उल्लेख गर्नुभयो ।

कम्पनीसंग विद्यमान आर्थिक श्रोत, आर्थिक संसाधनहरु र वित्तीय श्रोतहरुलाई सञ्चय, जोह, संरक्षण र आर्थिक वर्ष २०७९/८० को खुद मुनाफालाई मध्यनजर गर्दै सञ्चालक समितिले कम्पनीको पूर्ण चुक्ता शेयर पूँजीको २६.५७८९४७३७% (प्रतिशत) का दरले नगद लाभांश तथा पूर्ण चुक्ता शेयर पूँजीको ५% (प्रतिशत) बोनश शेयर वितरण गर्न सिफारिश गरेको जनकारी गराउनु भयो । समग्रमा समिक्षा आर्थिक वर्षमा कम्पनीका शेयरधनीहरुले ३१.५७८९४७३७% (प्रतिशत) का दरले लगानी गरे बापतको प्रतिफल प्राप्त गर्नुहुनेछ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउनु भयो । कम्पनीका कर्मचारीहरुको अद्भुत कार्यदक्षता र कार्यक्षमताको प्रदर्शनका लागि हार्दिक आभार, कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

शेयरधनी महानुभावहरुबाट प्रत्येक वार्षिक साधारण सभामा अधिकतम संख्यामा उपस्थित हुनुभई तथा समय समयमा कम्पनीलाई प्रदान गर्नु भएको अमूल्य तथा महत्वपूर्ण सुझाव र सल्लाह तथा कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एवं भरोसा, नैतिक सहयोग र समर्थन प्रति मेरो र सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्नु हुदै हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

स्वदेशी तथा विदेशी पाहुनाहरु, व्यवसाय प्रदान गर्ने सहयोगीहरु, नेपाल सरकार, ट्राभल एजेन्सीहरु, नियामक निकायहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरुबाट प्राप्त असिम विश्वास एवं भरोसा प्रति हृदय देखि नै आभार, हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

**(सम्बोधनको बिस्तृत विवरण – अनुसूची १)**

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

कम्पनीको ४९औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तव्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः प्रस्तुत गर्नुभयो ।

१. **आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०८० आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।**

११. **छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

कम्पनीको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०८० आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण)**, सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements)** र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भयो ।

तत्पश्चात् उपस्थित शेयरधनी महानुभावहरु मध्ये (१) **श्री दिनेश नारायण श्रेष्ठ,** (१३०१०९००००१२४१६१) जम्मा शेयर स्वामित्व शेयर कित्ता ३,४५५, (२) **श्री राम कृष्ण पन्त,** (१३०११२००००२७८३३६) जम्मा शेयर स्वामित्व शेयर कित्ता ४००, (३) **श्री कुवेर लाल श्रेष्ठ** (१३०१०२००००००००३०४) जम्मा शेयर स्वामित्व शेयर कित्ता २,०००, (४) **श्री जीवन लाल बज्राचार्य** (१३०११२००००५१८७८१) जम्मा शेयर स्वामित्व शेयर कित्ता १,८०३, र (५) **श्री दशरथ रिसाल,** (१३०११७००००१९०७२१) जम्मा शेयर स्वामित्व शेयर कित्ता १२, शेयरधनी महानुभावहरुले छलफलको क्रममा भौतिक माध्यमबाट सहभागी हुंदै आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु प्रकट गर्नुभएको थियो ।

**(बक्ता शेयरधनीहरुको मन्तव्यको विस्तृत विवरण – अनुसूची २)**

१२. **सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्नो मन्तव्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनु भयो ।

**(प्रत्युत्तर सम्बोधनको विस्तृत विवरण – अनुसूची ३)**

१३. **सभाको निर्णय**

(क) **समान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूचि नम्बर (क)(१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट **संचालक समितिको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वार्षिक प्रतिवेदन** पारित गऱ्यो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०८० आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष **२०७९/०८०** (२०२२/२३) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०८० आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण)**, सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक**

विवरणहरु, (**Consolidated Financial Statements**) र तत्सम्बन्धी टिप्पणीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को नाफाबाट शेयरधनीहरुलाई लिन मन्जुर तथा चुक्ता पूँजीको २६.५७८९४७३७% (प्रतिशत) का दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(३) बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को नाफाबाट शेयरधनीहरुलाई चुक्ता पूँजीको २६.५७८९४७३७% (छब्बीस दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशत का दरले **नगद लाभांश** प्रदान गर्न गरेको सामान्य प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा ४९औं वार्षिक साधारण सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

४. **कम्पनीको लेखापरिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) का लागि कम्पनीको **बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक** निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा आर्थिक बर्ष २०८०/८१ (२०२३/२४) को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले ४९औं बार्षिक साधारणसभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम श्री **जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस्, (J. B. Rajbhandary & DiBins, Chartered Accountants)** काठमाण्डौंलाई आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) का लागि **मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ४,९५,०००/-** (अक्षेरुपी चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरि कम्पनीको बैधानिक लेखा परिक्षण र कम्पनीका सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र प्रमाणीकरण तथा सोही आर्थिक बर्ष २०८०/८१ (२०२३/२४) को कर लेखापरीक्षणको लागि **मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. १,१०,०००/-** (अक्षेरुपी एक लाख दश हजार मात्र) कर लेखा परिक्षण पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरि कम्पनीको **बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक** नियुक्त गर्ने प्रस्ताबलाई ४९औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

सो प्रस्तावको प्रस्तुती सभाका सभापतिको अनुमतीले लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो

**(लेखापरीक्षण समितिको तर्फबाट सो समितिका संयोजकको प्रस्तुतिको विस्तृत विवरण – अनुसूची ४)**

**(ख) विशेष प्रस्ताव**

५. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

निर्धारित विषय सूची (ख)५ अनुरुप कम्पनीका संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **५% ((पाँच प्रतिशत)** का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (५) बमोजिम संचालक समितिले सिफारिश वा प्रस्ताव गरे बमोजिम लिन मन्जुर तथा चुक्ता पूंजीको ५% (पाँच प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार

लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत) बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) लाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

साथै, उपरोक्त अनुसार कम्पनीले शेयरधनीहरुलाई बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखि निरन्तर रुपमा अपनाउदै आएको नीति अनुसार ०.५० देखि ०.९९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बाँकी शेयर बराबरको शेयरको अंकित (परल) मुल्य लिई १ कित्ता शेयर साबिक शेयरधनीलाई दिने र ०.१ देखि ०.४९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित (परल) मुल्य बराबरको बाँकी रकम साबिक शेयरधनीलाई नगद फिर्ता दिइने गरी बोनस शेयर वितरण गरिनेछ ।

**(ग) विविध**

**६. विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग)(६) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४९औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई भौतिक र अभौतिक भर्चुवल जुम वेबिनार माध्यमबाट उपस्थित हनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नियामक निकायबाट पाल्नु भएका महानुभावहरु, आमन्त्रित कम्पनीका पदाधिकारीज्यूहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

**१५. सभा विसर्जन**

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले दिउँसो १२.३० बजे कम्पनीको ४९औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

सोल्टी होटल लिमिटेड काठमाडौं

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची १

**(४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)**

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

**संचालक समितिका सदस्यज्यूहरु,**

**व्यावस्थापन समुहका पदाधिकारीज्यूहरु,**

**कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू,**

**नियामक निकायका प्रतिनिधिज्यू,**

**कानूनी सल्लाहकारहरु, र लेखापरीक्षकहरु,**

**उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको ४९औं वार्षिक साधारण सभामा भौतिक तथा भर्चुवल भिडियो कन्फ्रेन्स माध्यमबाट समेत उपस्थिति हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, तथा उपस्थित महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट अपार स्नेहका साथ सहृदय कृतज्ञता तथा आभार व्यक्त गर्दै यस सभामा यहाँहरु सबैमा हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकहरुको प्रतिवेदन सहितका वार्षिक आर्थिक विवरणहरु, २०८० आषाढ मसान्तको कम्पनीको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण तथा अन्य कम्प्रीहेन्सीब आय, नगद प्रवाह विवरण तथा शेयर पुँजीमा भएको परिवर्तनको विवरण र कम्पनी तथा कम्पनीको सहायक कम्पनीको वार्षिक आर्थिक विवरणहरु समावेश रहेको एकिकृत वार्षिक आर्थिक विवरणहरु, एवं कम्पनीको तत्सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु समेत समावेश रहेको ४९औं वार्षिक प्रतिवेदन यहांहरु समक्ष यस सभामा सहर्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित भएका छौं ।

आदरणीय शेयरधनी महानुभावहरु कम्पनीको समिक्षा आर्थिक वर्षको सम्प्रेशित ४९औं वार्षिक प्रतिवेदनबाट कम्पनीको यथार्थ वार्षिक आर्थिक अवस्था तथा कार्यसम्पादनको वित्तीय स्थितिको सम्बन्धमा अवगत हुनु भएको विश्लेषण मैले गरेको छु ।

आदरणीय शेयरधनी महानुभावहरु,

समिक्षा आर्थिक वर्ष २०७९/८० को मुलुकको उपलब्ध वार्षिक तथ्यांकहरुलाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा समग्रमा पर्यटकहरुको आगमनमा अभिबृद्धि भएसंगै आतिथ्य उद्योगहरुमा तीब्र सुधार परिलक्षित हुनुका साथै उत्साहपूर्ण पर्यटकीय गतिविधिका परिदृश्यहरु सृजित रहे ।

कोभिड-१९ माहामारी पछि अन्तर्राष्ट्रिय आतिथ्य सत्कार तथा पर्यटकीय गतिविधिहरूमा उल्लेख्य सुधार आएको तथा विश्व पर्यटन रिकभरी (पुर्नरुत्थान) तर्फ तीब्र गतिले अग्रसर रहेको छ । विश्वभरी नै पर्यटक आगमनमा तिब्र अभिबृद्धि भईरहेको छ ।

पर्यटन विभागको तथ्यांक अनुसार सन् २०२३ जनवरी देखी डिसम्बर सम्म नेपालमा हवाई मार्गबाट लगभग **१० लाख १५ हजार** विदेशी पर्यटकहरु नेपाल भ्रमण गरेका छन् । हवाई मार्गबाट गत वर्षको सोहि अवधीमा लगभग ५ लाख ४६ हजार विदेशी पर्यटक नेपाल आएका थिए । गत वर्षको सन् २०२२ को तुलनामा यस वर्ष २०२३ मा नेपालमा पर्यटक आगमन संख्या ८६ प्रतिशतले बढेको छ । यो तथ्यांकले नेपालमा विदेशी पर्यटक आगमन तथा देशको पर्यटकीय गतिविधिहरु कोभिड-१९ महामारीको पूर्वावस्थामा पुर्नप्रवेश गरेको संकेत गर्दछ ।

नेपाल उदियमान दुई अर्थतन्त्र एवं विश्वको एक तिहाई जनसंख्याको बीचमा अवस्थित विश्वको अप्रतिश्पर्धि अद्धितीय पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुँदै गरेका विश्वका अतुलनीय पर्यटक गन्तव्य मध्येको एक आकर्षक तथा अतुल्य गन्तब्य हो । देशको पर्यटन विकास, पर्यटन प्रवर्द्धन तथा आतिथ्य सत्कार उद्योगको सफलतामा मुलभुत रुपमा राम्रो अर्न्तराष्ट्रिय छवी, पर्यटनका पूर्वाधारहरुमा यथेष्ठ लगानी, सशक्त पर्यटन प्रवर्द्धन तथा व्यावसायीक बजारीकरण तथा गुणस्तरीय पर्यटन सेवा सुविधाहरुको यथोचित उपलब्धतामा निर्भर रहन्छ । नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक, पौराणिक र परम्परागत धार्मिक सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन गर्दै सुरक्षित, रमणीय, आकर्षक, अतुल्य, एवं दीगो पर्यटकीय गन्तव्यको विकास अपरिहार्य छ । नेपालमा साहसिक पर्यटन, प्राकृतिक रमणीय तथा वातावरणीय पर्यटन, सांस्कृतिक तथा धार्मिक पर्यटन, शिक्षा एवं स्वास्थ्य पर्यटन, खेल पर्यटन, कृषि पर्यटन तथा ग्रामिण पर्यटन जस्ता पर्यटनका विविध आयामहरुको यथेष्ठ दोहन गरी नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको उच्च योगदान प्राप्त गर्न सकिन्छ ।

विश्व पर्यटन संगठनको पछिल्लो तथ्याङ्क अनुसार अन्तर्राष्ट्रिय पर्यटन आगमन लगभग पूर्ण रूपमा कोभिडको अभूतपूर्व संकटको अवस्थाबाट पुन:रुत्थान भइसकेको संकेत गरेकोछ । विश्वका धेरै गन्तव्यहरूमा पर्यटन कोभिड १९ महामारीको पूर्वावस्थामा फर्किसकेको

उल्लेख गरेको छ। विश्वका अतिविकसित र ठूला पर्यटन श्रोत बजारहरूमा विश्व पर्यटनका लागि भ्रमणमा निश्कने पर्यटकहरुबाट गन्तव्यहरुको तिब्र माग भई रहेको समेत जनाएको छ। विश्व पर्यटनको दिगो पुनःरुत्थान भएको तथ्य यस उद्योगसंग सरोकार पक्षहरुको कार्यसम्पादनका तथ्याङ्कहरुबाट समेत प्रतिबिम्बित भएको छ।

अन्तर्राष्ट्रिय पर्यटन विश्व अर्थतन्त्रमा विद्यमान आर्थिक चुनौतीहरू उच्च मुद्रास्फीति, कमजोर तथा विश्वव्यापी उत्पादकत्वका साथै उल्लेख्य भूराजनीतिक तनाव र द्वन्द्वहरूका बावजुद पनि अन्तर्राष्ट्रिय पर्यटन सन् २०२४ सम्ममा पूर्णत पूर्व कोभिड १९ महामारीको अवस्थामा पुनःरुत्थान हुने दिशामा अग्रसर रही लक्ष्य प्राप्तिमा दृढ संकल्पित रहेको छ।

आर्थिक वर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ६४.६८ प्रतिशतले बढेको छ । समिक्षा आर्थिक वर्षको कुल आम्दानी रू. २२५.४६ करोड रहेकोछ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग रु. ८८.५५ करोडले बृद्धि भएकोछ। कम्पनीको अघिल्लो आर्थिक वर्षको ४१.५५ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रू. ८०.०८ करोड नगद मुनाफा आर्जन गर्न सफल भएकोछ। साथै, कम्पनीले अघिल्लो आर्थिक वर्षको रु. २९.७२ करोड खुद मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ५५.५० करोड खुद मुनाफा आर्जन गर्न सफल भएकोछ।

चालु आर्थिक वर्षको ३१ डिसेम्बर २०२३ सम्मको अवधीमा होटेलले गत आर्थिक वर्षको सोही मितिको कुल आम्दानी रुपैयाँ ९४ करोड २८ लाख ६० हजार को तुलनामा रुपैयाँ **१ अरब २ करोड २८ लाख ४० हजार** कुल आम्दानी गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कोठा अक्यूपेन्सी ५९.९३% रहेको तुलनामा चालु आर्थिक वर्षको ३१ डिसेम्बर २०२३ सम्मको अवधिको **कोठा अक्यूपेन्सी ५५.३०%** प्रतिशत रहेको छ। होटेलको प्रति **कोठा औसत मूल्य दर** र **उपलब्ध प्रति कोठा आम्दानी** गत आर्थिक वर्षको सोही अवधीमा क्रमशः रु.८,३४७ र ५,००२ रहेकोमा यस वर्ष क्रमशः रु. ९,२७१ र रु. ५,१२७ रहेको छ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संचालक समिति र व्यावस्थापन समूहको अत्यन्त राम्रो समन्वय तथा व्यवस्थापकीय कार्यसम्पादनको कार्यकुशलता, व्यावसायीक क्षमता तथा उचित सर्तकता, कर्मचारीहरु र कर्मचारी संगठनहरुको पूर्ण सहयोग समर्थन, तथा कर्मचारीहरुको कार्यप्रतिको सक्षमताको परिणाम स्वरुप विद्यमान प्रतिकुल परिस्थितिका बाबजुद पनि कम्पनीले मुनाफा आर्जन गर्न सफल भएको जानकारी गराउन पाउदा हामीलाई ज्यादै हर्ष लागेकोछ।

कम्पनीले होटेल संचालन सम्बन्धी खर्चहरुमा अत्यन्तै प्रभावकारी रुपमा मितव्ययीताको नीति अपनाउदै आएको छ जो निरन्तर जारी रहनेछ। कम्पनीको व्यावस्थापन र संचालन सम्बन्धी खर्चहरुलाई विश्लेषण गरी अनावश्यक खर्चहरुलाई पूर्णरुपमा नियन्त्रण गर्ने नीति लिएकोछ। कम्पनीको संचालक समितिले निरन्तर रुपमा सक्रीय भई व्यवसायीक विश्लेषण गर्दै व्यावस्थापक समूहका पदाधिकारीहरुसंग प्रभावशाली र शुक्ष्म समन्वय गरीरहने समेत जानकारी अनुरोध छ।

राष्ट्रिय परिदृश्यमा, पर्यटकीय पूर्वाधारहरुको निर्माणको क्रममा काठमाडौंमा आतिथ्यसत्कार उद्योग अर्न्तगत चार र पाँच तारे होटेलहरुको निर्माण सम्मपन्न भई व्यावस्थापनमा आउने क्रम तिब्र रुपमा बढेकोछ। अन्तर्राष्ट्रिय चेन होटेल ब्राण्डका व्यावस्थापकहरुको तिब्र आगमन भई रहेको छ वर्तमान अवस्थामा हाम्रो होटेल बाहेक कुल १७ होटेलहरुमा अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरुको अगमन भई सकेको छ। ती मध्ये अर्न्तरदेशीय बजार व्यवस्थापनमा निपूर्ण दश वटा अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरु हाम्रो प्रत्येक्ष प्रतिशपर्धामा रहेका छन भने निकट भविश्यमा थप सात वटा अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरु होटेल व्यावस्थापनमा आउनका लागि तैयारी अवस्थामा रहेका छन्। हामीले अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरुको अन्तर्राष्ट्रिय बजार व्यावस्थापन सञ्जाललाई चिर्दै तिब्र प्रतिशपर्धा गर्नुपर्ने अवस्था रहेकोछ। अन्तर्राष्ट्रिय स्तरमा बजार व्यावस्थापन गर्न मुलुकको कानुनी तथा नियम निर्देशनहरुको प्रतिकुलतालाई समेत मन्थन गर्दा यो कार्य त्यती सहज भने छैन। कम्पनीको सोल्टी ब्राण्डलाई मुलुककै पहिलो अन्तर्राष्ट्रिय चेन होटेलको रुपमा विकाश गर्ने परिकल्पना साकार पार्न हामी दत्तचित्त भएर समर्पित भएको छौं। हाम्रो परिकल्पनालाई साकार बनाउने हाम्रो हौसला र उत्साहमा कुनै कमी छैन। हामी तिब्र प्रतिशपर्धालाई अवसरमा बदल्न सक्षम भएका छौं र भविश्यमा पनि कार्यकुशलताका साथ क्षमता प्रदर्शन गर्दै सफलताको शिखरमा पुग्नेमा हामी दृढ संकल्प तथा आत्मबलबाट उत्प्रेरित रहने छौं। साथै कम्पनीको सोल्टी ब्राण्डलाई अन्तर्राष्ट्रिय स्तर र मापदण्डको चेन होटेलको रुपमा स्थापित गर्दै आतिथ्य सत्कार व्यावसायीक प्रतिशपर्धामा खरो सावित हुनेछौं।

पाँच तारे तथा लक्जरी हेरिटेज बुटीक होटेलहरु बीच तिब्र व्यावसायीक प्रतिशपर्धाको परिप्रेक्षमा काठमाडौंमा हाल सञ्चालनमा रहेका साविक ७ होटेलहरुका अतिरिक्त कोभिड – १९ पछिको अवधिमा सञ्चालनामा आएका नयाँ ५ पाँचतारे होटेलहरु थपिएका छन जो संख्यात्मक हिसाबले लगभग ७१% ले पाँच तारे होटेलहरुको संख्यामा बृद्धि भएको हो। यसका अतिरिक्त आगामी दिनहरुमा थप नयाँ पाँचतारे हाटेलहरु सञ्चालनमा आउने जनाईएको छ। समग्रमा उपलब्ध तथ्यांकहरुको विश्लेषण गर्दा आगामी दिनहरुमा काठमाण्डौं उपत्यकामा पाँच तारे तथा लक्जरी हेरिटेज बुटीक सेगमेन्टमा अन्तर्राष्ट्रिय चेन होटल व्यावस्थापन सहितका नयाँ होटेलहरुका लगभग २,३५० थप कोठाहरु थपिने तथ्यांकले देखाएको छ।

पाँच तारे तथा लक्जरी हेरिटेज बुटीक सेगमेन्टका होटेलहरुको तथ्यांक हेर्दा ५१% ले कोठा आपूर्तिमा बृद्धि भएको छ। यो सेगमेन्टका होटेलहरुमा उपलब्ध कोठाहरुको आपूर्तिमा ७४७ नयाँ कोठाहरु थप भई वर्तमानमा १२ होटेलहरुमा कुल २,२२३ कोठाहरु उपलब्ध रहेकाछन् । यसर्थ होटेलको पाँचतारे लक्जरी हेरिटेज बुटीक होटेलहरु बीच तीव्र प्रतिश्पर्धा कायमै रहने अवस्था रहेको ले आगामी दिनहरुको कार्यसम्पादन निकै चुनौतिपूर्ण रहनेछ ।

काठमाडौं उपत्यका बाहिर पनि पाँच तारे होटेलहरु निर्माण तथा व्यावस्थापनमा आउने क्रम शुरु भएको छ । बागमति, गण्डकी, लुम्बिनी, कोशी, र मधेश प्रदेशहरुमा गरी हाल ७ पाँच तारे होटेलहरु सञ्चालनमा रहेका छन् ।

हामी काठमाण्डौंमा व्यावस्थापनमा रहेका ख्याति प्राप्त अन्तर्राष्ट्रिय चेन होटेल व्यवस्थापनहरु संगको समानान्तर व्यावसायीक प्रतिश्पर्धामा अग्र पक्तिमा उभिएका छौं र हामी संग व्यावसायीक कौशलता पनि छ। आतिथ्य सत्कार क्षेत्रमा हाम्रो व्यवस्थापकीय तथा कर्मचारीहरुको कार्यक्षमता अतुलनीय र अब्बल रहेको छ ।

हामीले होटेललाई आवश्यक पर्ने राष्ट्रीय तथा अन्तर्राष्ट्रिय बजार व्यावस्थापन तथा आरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय वितरण प्रणाली बिकसिशत गरि सकेका छौं । विश्व पर्यटन बजारमा बजारीकरणको बिशिष्टता का सबै अवयवहरुको व्यवस्थालाई सुदृढीकरण गर्दै निर्धारित र अपेक्षित लक्ष्य प्राप्त गर्न हामीलाई अपठ्यारो पर्ने छैन् ।

कम्पनीले नेपालका प्रमुख दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट एयरलाइन इनफ्लाइट केटरिंग संचालन गर्ने अनुमति पत्र प्राप्त गरिसकको छ । उक्त अन्तर्राष्ट्रिय विमानस्थलहरुमा अन्तर्राष्ट्रिय हवाई उडान सेवा सञ्चालन हुँना साथ हामीले एयरलाइन इनफ्लाइट केटरिंग सेवा संचालन गर्नेछौं ।

कम्पनीको हिमाल इन्टरनेशनल पावर कर्प कम्पनी प्राइभेट लिमिटेड मार्फत शेयर लगानी रहेको भोटेकोशी जलविद्युत आयोजनाबाट समिक्षा आर्थिक वर्षमा रु. ११ लाख नगद लाभांश प्राप्त गरेको जानकारी गराउदै समिक्षा आर्थिक वर्ष २०७९/८० को लागि उक्त कम्पनीले रु. २७ प्रति साधारण शेयरका दरले नगद लाभांश दिने घोषणा गरेको जानकारी अनुरोध छ ।

यस कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेडको लगानी रहेको नेपालको पहिलो लिड (LEED) प्रमाणित पांच तारे हरित (ग्रीन) होटेल सोल्टी वेस्टेण्ड प्रिमियर नेपालगन्जले समेत समिक्षा आर्थिक वर्ष २०७९/८० मा मुनाफा आर्जन गर्न सफल भएको जनाएको छ ।

साथै यस कम्पनीको स्वमित्वमा रहेका सोल्टी होटेल्स तथा रिसोटस सहितका विविध ट्रेडनाम र ट्रेडमार्कहरुको प्रयोग नेपालको लुम्बिनी प्रदेश, बागमती प्रदेश र कोशी प्रदेशमा सोल्टी ब्रान्डमा विविधनाम र ब्राण्डमा चेन होटेलको रुपमा सञ्चालित रहेका छन । भविश्यमा अरु होटेल व्यावस्थापन तथा सञ्चालन गर्ने योजना समेत रहेको छ ।

त्यसैगरी कम्पनीको लगानी रहेको अर्को सहायक कम्पनी एच. आई. सोल्टी होटल कम्पनी प्राइभेट लिमिटेडबाट विदेशी लगानी फिर्ता लगेपछि कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनीको स्वेच्छिक खारेजी (लिक्विडेशन) प्रक्रिया पुरा भई कम्पनीको स्वैच्छिक खारेजी सम्पन्न भएको जनाएको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीले आफ्ना अतिथि पाहुनाहरूलाई परिष्कृत आधुनिकतम सुबिधाहरुको अनुभव प्रदान गर्ने प्रतिबद्धता अनुरुप निरन्तर उत्पादन, सेवा तथा सुविधाहरुमा सुधार गर्ने उद्देश्यले विस्तार पुर्ननिर्माण र स्तरोन्नति सम्बन्धी परियोजनाहरूको श्रृंखला शुरु गरेको छ। होटेलको बसाईलाई अविस्मरणीय बनाउन चाहने पर्यटकहरुका लागि होटेल प्रमुख गन्तव्य बन्न सफल भएको कुराको सुनिश्चितता गर्न सक्नुलाई नै रणनीतिक पहलहरूमा कम्पनीको पूर्ण समर्पित रहेको प्रमाणको रुपमा लिन सकिन्छ ।

होटेलको लबि पुर्ननिर्माण र स्तरोन्नति, रोधी बार, स्पोर्ट्स लाउन्ज तथा सुइटहरु एभरेष्ट, ल्होत्से, र पुमोरी सुइटहरुलाई पुर्ननिर्माण र स्तरोन्नति, खुल्ला वातावरणमा रमणीय विश्राम तथा आरामदायी आँगन (पैटीओ) क्षेत्रको निर्माण तथा होटेल परिसरको भुदृश्य सौन्दर्यकरण तथा भवनमा रंगीन विद्युतीय बत्तीहरुको जडान गर्ने कार्य भएका छन् । कम्पनीले सञ्चालन गरेको सम्पत्ति परिस्कृत, परिमार्जित तथा स्तरोन्नती गर्ने परियोजना र सेवास्तरवृद्धिले अतिथि पाहुनाहरुको बसाईलाई रोमान्चकारी तथा सुखानुभुति प्रदान गर्दै अतिथिहरुको अनुभवलाई परिस्कृत गर्न पुर्नआगमनको लागि आकर्षित गर्दै हाम्रो होटेल बसाईको रोजाईमा प्रथमिकतामा पर्ने सम्बन्धमा सुनिश्चितता तथा प्रतिबद्धता प्रदान गर्दछ ।

होटेलका भौतिक पूवाधारहरु र संरचनाहरुबाट प्रदान गरिने सेवा सुविधाहरुको पुर्ननिर्माण, स्तरोन्नति तथा आधुनिकिकरण गर्ने कार्य निरन्तर भई रहेको छ र होटेलका अतिथिहरुलाई आधुनिकतम र नविनतम प्रविधियुक्त सेवा सुविधाहरु प्रदान गर्नका लागि गरिने सम्पत्ति स्तरोन्नतीका कार्यहरु भविश्यमा पनि जारी रहनेछन् । यसले हाम्रो होटेलको अग्रता र उत्कृष्टता कायम राख्न समर्थन गर्दछ ।

सोल्टी होटल लिमिटेड संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरूमा समेत अग्रणिय रहेको छ । समिक्षा आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न गतिविधिहरू सञ्चालन गरि रहेको छ ।

हाम्रो कम्पनीले होटेलको दिगोपन विकासको अवधारणालाई अङ्गीकृत गरेको छ। व्यावसाय र नीति सन्दर्भमा आतिथ्यसत्कार उद्योगका लागि दिगोपन ले प्राकृतिक वा भौतिक श्रोत र साधनहरूको उचित प्रयोग गरी वातावरण संरक्षण र सम्वर्धन गर्दै दायित्वबोधका साथ वातावरणीय ह्रासलाई रोक्दै भौतिक सुविधाहरुको दीर्घकालीन उपलब्धता सुनिश्चित गर्नुहो । दिगोपनले मूलभूत रुपमा आर्थिक, वातावरणीय र सामाजिक अवधारणाहरूमा स्थायित्व प्रदान गर्दै दीर्घकाल सम्म कायम राख्नु हो । यसले प्राकृतिक श्रोत साधनको सन्तुलित र बुद्धिमतापूर्ण प्रयोग गर्दै दीर्घकालिन अवसर प्राप्त गर्न उत्प्रेरित गर्दछ । दिगोपन अवधारणले वर्तमानको आवश्यकता र चाहना परिपूर्तिका गर्नका लागि भविष्यसँग सम्झौता नगर्ने, संस्थागत क्षमताको विकास गर्ने तथा श्रोत - साधनहरुको उपयोगमा नैतिकता र विवेकशीलता कायम राख्ने जस्ता दीगो विकासका अवधारणाहरु प्रति दायित्वबोध गराउछ र यसबाट व्यावसायीक लक्ष्य हाँसिल गर्न सकिन्छ ।

कम्पनीसंग विद्यमान आर्थिक श्रोत, आर्थिक संसाधनहरु र वित्तीय श्रोतहरुलाई सञ्चय, जोह, र संरक्षण गर्नुपर्ने आवश्यकता कायमै रहेको परिप्रेक्ष्यमा संचालक समितिमा विस्तृत विश्लेषण बिचार बिमर्श, छलफल तथा विवेचना पश्चात् आर्थिक वर्ष २०७९/८० मा कम्पनीले उल्लेख्य खुद मुनाफा आर्जन गरेको तथा राम्रो कार्यप्रगतिको अवस्थालाई समेत मध्यनजर गर्दै सञ्चालक समितिले कम्पनीको पूर्ण चुक्ता शेयर पूँजीको २६.५७८९४७३७% दरले नगद लाभांश तथा पूर्ण चुक्ता शेयर पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्न यस सभा समक्ष सिफारिश गर्ने सर्वसम्मत निर्णय गरि प्रस्तावहरु पेश गरेको छ । समग्रमा समिक्षा आर्थिक वर्षमा कम्पनीका शेयरधनीहरुले ३१.५७८९४७३७% का दरले लगानी गरे बापतको प्रतिफल पाउनुहुने छ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउदछु । कम्पनीको व्यवस्थापन, कर्मचारीहरु र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसनीय रहेको छ । कर्मचारीहरुको सकारात्मक सोच र कम्पनी प्रतिको अशिम स्नेह र स्वत:स्फुर्त उत्तरदायीत्व बोधका लागि सराहना तथा प्रशंसा गर्दै यस प्रकारको सौर्हादताले कम्पनीको भविष्य निर्माण गर्न हामीलाई थप उर्जा, हौसला तथा प्रोत्साहन मिल्नेछ भन्ने मैले ठानेकोछु।

**आदरणीय शेयरधनी महानुभावहरु**

कम्पनीलाई आईपर्ने कुनै पनि सङ्कटको बेला कम्पनीको सञ्चालक समिति, कामदार कर्मचारीहरु, कर्मचारी संगठनहरु र उच्चतहको व्यावस्थापन समूह सबै एक ढिक्का भई उभिएर समाधान गर्ने उदाहरणीय कार्य कर्पोरेट व्यावसायीक जगतमा एउटा हाम्रो बिशेषता रहेको छ र यसलाई संगठीत संस्थाको सफलताको सोपान भन्दा अन्यथा नहोला। म यस अवसरमा, यस प्रकारको अदभुत कार्यदक्षता र कार्यक्षमताको प्रदर्शनका लागि कम्पनीका हाम्रा स्नेही कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च ब्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरु लगायत सबैमा हार्दिक आभार, कृतज्ञता तथा हिरदय देखिनै धन्यवाद व्यक्त गर्दछु।

आदरणीय शेयरधनी महानुभावहरुबाट प्रत्येक वार्षिक साधारण सभामा अधिकतम संख्यामा उपस्थित हुनुभई तथा समय समयमा कम्पनीलाई प्रदान गर्नु भएको अमूल्य तथा महत्वपूर्ण सुझाव र सल्लाह तथा कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एवं भरोसा, नैतिक सहयोग र समर्थन प्रति मेरो र सञ्चालक समितिको तर्फबाट हिरदय देखिनै हार्दिक आभार, कृतज्ञता व्यक्त गर्दछु।

कम्पनीको व्यावसायीक कार्यसम्पादको क्रममा निरन्तर सहयोग, समर्थन र व्यावसायी दक्षताको लागि सम्बरधन प्रदान गर्नुहुने देवतुल्य सम्पूर्ण आन्तरिक तथा मुलुक बाहिरका अतिथिपाहुनाहरु, हामीलाई पाहुनाहरु उपलब्ध गराउन सहयोग र समर्थन गर्नुहुने ट्राभल एजेन्सीहरु, एयरलाईन्स कम्पनीहरु, अन्य ट्राभल एजेन्सीहरु, हाम्रो भौतिक सुबिधा आधुनिकिरणको परिकल्पना, परियोजना र आधारभूत संरचनाहरुलाई साकार र सुनियोजित पार्न सहयोग गर्नुहुने परियोजना परामर्शदाताहरु, परियोजनालाई मूर्तरुप दिदै सेवा उपलब्ध गराउनु हुने निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, वित्तिय आवश्यकता परिपूर्तिमा सहयोग गर्नुहुने बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु, कम्पनीका शेयर रजिष्ट्रार श्री एन आई एम बि एस क्यापिटल लिमिटेड, तथा अन्य सेवा प्रदायकहरुमा संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेंज लि., सिडिएस एण्ड किलियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ-आफ्नो ठाउँबाट पुर्‍याउदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु !

हार्दिक धन्यवाद !

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची २

(४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित ५ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेको छ :–

| क्रम सख्या | वक्ता शेयरधनीको नाम | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | श्री दिनेश नारायण श्रेष्ठ | १३०१०९०००११२४१६१ | ३,४५५ |
| २ | श्री राम कृष्ण पन्त | १३०११२००००२७८३३६ | ४०० |
| ३ | श्री कुवेर लाल श्रेष्ठ | १३०१०२००००००००३०४ | २,००० |
| ४ | श्री जीवन लाल बज्राचार्य | १३०११२००००५१८७८१ | १,८०३ |
| ५ | श्री दशरथ रिसाल | १३०११७०००१९०७२१ | १२ |

## छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी वक्ता शेयरधनी महानुभावहरुले बुँदागत रुपमा निम्नलिखित मन्तब्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१. श्री दिनेश नारायण श्रेष्ठ

1. सोल्टी होटेल नेपालको समाज तथा संस्कृति संग जोडिएको विशिष्ट नेपाली नाम हो । यो होटेल लामो समय देखी विदेशी चेन होटेलहरु पहिले ओवराय र त्यसपछि इन्टरकन्टीनेन्टल होटेल ग्रुपले सञ्चालन तथा व्यावस्थापन गर्दै आएको थियो । विदेशी चेन होटेलहरुको अवधि समाप्त भएपछि विगत केही वर्ष देखि कम्पनीले सोल्टी होटेललाई आफै सञ्चालन तथा व्यावस्थापन गर्दै आएको छ । कम्पनीको सोल्टी व्यावस्थापन सफल भएको तथ्य होटेलको कार्यसम्पादन तथा व्यावसायीक यथेष्ट प्रतिफलबाट समेत पुष्टि भएको छ जो प्रशंसनीय छ ।
2. कम्पनीले सोल्टी होटेल काठमाण्डौंका अतिरिक्त सोल्टी ब्रान्डमा चितवनको भरतपुरमा, सुनसरीको इटहरीमा र बागमती प्रदेशको भक्तपुर जिल्लाको नगरकोटमा नयाँ पाँच तारे स्तरका होटलहरू व्यावस्थापन तथा सञ्चालनमा ल्याएको उल्लेख गरेकोछ यो राम्रो कार्य भएको छ भन्दै अब सोल्टी होटेलले विस्तार गर्दै अन्तर्राष्ट्रिय चेन होटेलहरुले जस्तै विदेशमा गएर अन्तर्राष्ट्रिय स्तरमा सोल्टी चेन होटेलहरु सञ्चालन तथा व्यावस्थापन गर्न सुझाव दिनुभयो ।
3. नेपालको कानूनले विदेशमा लगानी गर्न वर्जित गरेको छ तथापी कम्पनीले अन्तर्राष्ट्रिय स्तरमा सोल्टी चेन होटेलहरु व्यावस्थापन तथा सञ्चालन गर्न लगानी नै गर्नुपर्छ भन्ने छैन अन्तर्राष्ट्रिय होटेल व्यावस्थापन गर्न सक्ने अवस्था विद्यमान

रहेको छ भन्नुभयो। यसबाट बिदेशी मुद्रा आर्जन गरी देशको अर्थतन्त्रमा समेत टेवा पुऱ्याउन सकिने हुंदा कम्पनीको यस तर्फ ध्यानाकर्षण होस् भन्नुभयो।

४. कम्पनीले सोल्टी ब्रान्डका होटेलहरु नेपालगञ्ज, चितवन, इटहरी र नगरकोट नयाँ पाँच तारे स्तरका होटलहरू व्यावस्थापन तथा सञ्चालनमा ल्याएको उल्लेख गरेको छ तर प्रस्तुत वार्षिक आर्थिक विवरणमा कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प कम्पनी प्राइभेट लिमिटेडमा गरेको लगानी रु. १ करोड २८ लाख ४७ हजार ५ सय ६३ र सोल्टी शिवक्रिम होटेल्स् तथा रिसोर्टस् प्रा. लि.को नेपालगञ्ज स्थीत होटेलमा गरेको लगानी रु. २६ कारोड १८ लाख ४० हजार बाहेक अन्य कुनै होटेलहरुमा लगानी भएको खुलाशा गरेको छैन भन्दै आगामी आर्थिक वर्षमा कुन होटेलमा कति लगानी भएको छ तथा कर्जा लिएको भए सो समेत खुल्ने गरी स्पष्ट रुपमा खुलाउन अनुरोध गर्नुभयो। नेपालगञ्जको होटेलले चालु आीर्थक वर्ष देखि मुनाफा आर्जन गरेको जनाएको छ यो स्वागत योग्य छ भन्नुभयो।

५. कम्पनीको शेयर पूँजीको एतिहासिक पृष्ठभूमी उल्लेख गर्दै कम्पनीले २०५० सालमा प्रति शेयर रु. १० को दरको २ लाख थान साधारण शेयर दोश्रो बजारमा जम्मा रु. ५० का दरले सर्वसाधारणको लागि खुल्ला बिक्रि गरेको थियो। तत्कालिन अवस्थामा कम्पनीको चुक्ता शेयर पूँजी जम्मा रु.४ करोड ७७ हजार १४ हजार १ सय ५० रहेको मा अहिले कम्पनीको चुक्ता शेयर पूँजी रु. ८८ करोड ४७ लाख ७१ हजार ५ सय ६ पुगि सकेको छ। यो सबै शेयर पूँजीको अभिबृद्धि कम्पनीले आफ्ना शेयरधनीहरुलाई नगद लाभांश सहित निरन्तर बोनस शेयर जारी गर्दै शेयर पूँजी बढाएकोले संभव भएको हो। यसरी बिश्लेषण गर्दा सर्वसाधारणमा शेयर जारी गरे पश्चात् कम्पनीको चुक्ता शेयर पूँजी कालान्तरमा लगभग १,२५६.३२ प्रतिशतले बढेको छ र शेयरधनीहरु लाभान्वित भएका छन भन्नु भयो। अहिले कम्पनीको प्रति शेयर रु. १० को दरको परल मूल्य भएको शेयरको बजार मुल्य रु. ४८५ छ जो अत्यन्त सराहनीय छ र यो सकारात्मक पक्ष को भन्नु भयो।

६. कम्पनीले शेयरधनीहरूद्वारा दावी नगरेको विगत आर्थिक वर्षको लिन बाँकी रहेको देय लाभांशको रकम शेयरधनीहरूले भुक्तानी नलिएको उल्लेख गरेको छ। विगत आर्थिक वर्षहरुको बाँकी लाभांश रकम बुझाउने तर्फ बिशेष ध्यान दिन अनुरोध गर्दै कसरी भुक्तान गर्न सकिन्छ शेयरधनीहरूलाई सम्पर्क गरेर बितरण गर्न अनुरोध गर्नु भयो।

७. अन्त्यमा बोल्ने मौका दिनु भएकोमा अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिनुहुदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

२. **श्री राम कृष्ण पन्त**

१. धेरै कुराहरु कार्यकारी अध्यक्षज्यूको सम्बोधनमा प्रष्ट भई सकेको छ भन्दै कम्पनीको समिक्षा आर्थिक वर्षको कार्यसम्पादनको परिणाम अत्यन्त राम्रो छ भन्नु भयो।

२. सोल्टी होटेलले आफ्नो स्थापनाकाल देखिनै नाम, दाम र ख्याती प्राप्त गर्दै आएको छ। सोल्टी होटेल संस्थापनाको विगत ५७ वर्ष देखि निरन्तर होटेलले अन्तर्राष्ट्रिय स्तरमा निकै ख्याति र प्रशिद्धी प्राप्त गरेको छ। सोल्टी होटेल विदेशमा नेपालको चिनारी बन्न सफल भएको छ भन्दै बिदेशीहरुले नेपाल बसाई भन्ना साथ सोल्टी होटेललाई सम्झिन्छन भन्नु भयो।

३. कम्पनीले आफ्ना शेयरधनीहरुलाई निरन्तर बोनस शेयर नगद लाभांश दिने गरेको छ जसको श्रेय कम्पनीका वर्तमान कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यू र कम्पनीका विशिष्ठ व्यक्तित्वहरु सम्मिलित संचालक समितिका सदस्यज्यूहरुमा जान्छ भन्नु हुंदै उहाँहरु प्रति हार्दिक धन्यवाद छ भन्नु भयो।

४. कम्पनीको एतिहासिक पृष्ठभूमी उल्लेख गर्दै श्री पन्तज्यूले सभा समक्ष कम्पनीका कार्यकारी अध्यक्षज्यूको कुशल र सफल नेतृत्वमा कम्पनीले उल्लेख्य प्रगति गरेको छ भन्नु भयो। कम्पनीको सफलताको संक्षिप्त विश्लेषण प्रस्तुत गर्दै कार्यकारी अध्यक्ष, श्री बिष्टज्यूको कार्यकुशलता, कार्यशैली, व्यावसायीक कार्यदक्षता, व्यावसायीक कार्यक्षमता, तथा दुरदर्शिताको परिणामस्वरुप कम्पनीको उत्तरोत्तर प्रगति भएको छ भन्नु हंदै कार्यकारी अध्यक्षको पद वहाली हुंदा घाटामा रहेको कम्पनीलाई अहिलेको अवस्थामा पुऱ्याउन सफल हुनु भएको विश्लेषण गर्नुभयो।

५. होटेल व्यावस्थापन, सोल्टीको ब्राण्ड सुदृढीकरण तथा सबलीकरण र विस्तारमा कार्यकारी अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु र व्यवस्थापन समूह बीचको तालमेल र समन्वय अत्यन्त राम्रो भएको कारणबाट यो सफलता मिलेको उल्लेख गर्नुभयो।

६. अन्त्यमा बोल्ने मौका दिनु भएकोमा अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिनुहुदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

३. श्री कुवेर लाल श्रेष्ठ

१. कम्पनीका साना लगानीकर्ता शेयरधनीहरुलाई पनि आवश्यक परेको बेलामा कम्पनीका अध्यक्षज्यू, संचालकज्यूहरु तथा उच्च पदस्थ व्यावथापकहरुलाई भेटेर सुझाव, सल्लाह पेश गर्न र परेको समस्या सुल्झाउने अवसर प्रदान गर्ने वातावरण बनाउन अनुरोध गर्नुभयो ।

२. कम्पनीको प्रमुख वित्तीय सूचांकहरु मध्ये समिक्षा आर्थिक वर्षको प्रति शेयर आम्दानी (Earnings Per Share) रु. ६.२७ रहेको छ यसलाई आगामी वर्ष रु. १० पुऱ्याउने लक्ष्य निर्धारण गर्न अनुरोध गर्नुभयो ।

३. कम्पनीले शेयरधनीहरुलाई चुक्ता शेयर पूँजीको २६.५८% का दरले नगद लाभांश वितरण गर्न र चुक्ता शेयर पूँजीको ५ प्रतिशतका दरले वोनश शेयर वितरण गर्न वार्षिक साधारण सभा समक्ष सिफारिश गरेकोमा कार्यकारी अध्यक्षज्यू तथा संचालक समितिका सदस्यज्यूहरुलाई मुरीमुरी धन्यवाद दिनुभयो ।

४. सोल्टी होटलको ईमान, जमान र कमान सबै राम्रो छ भन्नुहुँदै नेपालका पाँच तारे होटलहरु मध्ये सोल्टी होटेल उत्कृष्ट तथा अग्रस्थानमा रहेको कम्पनी हो भन्नु भयो । सर्वोत्कृष्ट श्रेणीमा रहेको यस सोल्टी होटेललाई सर्वोच्च शीखरमा पुऱ्याउन के कसो गर्नुपर्ने हो यहाँहरूले गर्नुहोस् भन्नु भयो ।

५. कम्पनीले देशमा १० लाख पर्यटकहरुको आगमन हुँदा कुल ३१.५८ प्रतिशतका दरले प्रतिफल दिएको परिप्रेक्षमा अर्को साल २० लाख पर्यटक आउने लक्ष्य रहेको उल्लेख गर्दै आगामी आर्थिक वर्षमा कुल लाभांश अहिलको भन्दा बढी ४० देखी ६०% पाउने अपेक्षा शेयरधनीहरुको रहेको छ ।

६. शेयरधनीहरुको सभाहल भित्रको उपस्थिति तर्फ संकेत गर्दै शेयरधनीहरुलाई सभाकक्षमा हुने कार्यक्रममा केन्द्रित हुन समेत अनुरोध गर्नुभयो । शेयरधनीहरु सभाहलमा बसी चासो लिनु पऱ्यो भन्नु भयो ।

७. सोल्टी हाटेलको भविष्य समुज्वल छ त्यसैले शेयरधनीहरुले कम्पनीबाट धेरै आशा गरेका छन् । कम्पनीले यथेष्ट मुनाफा कमाएर शेयरधनीहरुलाई अधिकतम प्रतिफल फिर्ता गर्न सफलहोस् भन्ने सद्इच्छा रहेको छ ।

८. सोल्टी हाटेलमा पर्यटकहरु आकर्षित गर्न ज्येष्ठ नागरिक विशेष सहुलियतको नीति (Senior Citizen Privilege) अपनाएर स्वदेशी र विदेशी अतिथि पाहुनाहरु आकर्षित गर्न सकिन्छ । यसबाट खास गरेर यूरोपीयन ज्येष्ठ नागरिक पर्यटक होटेलमा आउन आकर्षित हुनेछन् । यसले नेपाल आउन खोज्ने ज्येष्ठ नागरिकहरुको ध्यान होटेलतर्फ आकर्षित हुन सक्दछ ।

९. अहिलेको आर्थिक मन्दीको परिप्रेक्षमा होटेलका कर्मचारी दाजूभाई दिदीबहिनीहरुको तलबमा यथेष्ट बढोत्तरी गरिदिनुहुन व्यावस्थापनलाई अनुरोध गर्दै उनीहरूलाई सोल्टीको कर्मचारी हौं भनी गर्व महसुस गराउन अनुरोध गर्नुभयो ।

१०. वार्षिक साधारण सभामा बोल्ने मौका दिनु भएकोमा कार्यकारी अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिदैं कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना सहित सोल्टी परिवारको जय होस् भन्नु भयो ।

४. श्री जीवन लाल बज्राचार्य

१. सोल्टी होटल लिमिटेडको वार्षिक साधारण सभा, सोल्टी होटलको आफ्नै परिसरमा गर्नु पऱ्यो । यसबाट खर्च समेत न्यूनीकरण भई कम्पनीको मुनाफा बढ्नेछ । आगामी वार्षिक साधारण सभा सोल्टी होटलको परिसरमा रहेको सभा हलमा गर्नका लागि अनुरोध गर्नुभयो ।

२. शेयरधनीहरुलाई कम्पनीको वासलात, साधारण सभा हुनुपूर्व पठाउनु पर्दथ्यो । विद्युतीय माध्यमबाट वा अन्य कुनै माध्यमबाट समेत उपलब्ध गराईएको पाईएन । अतः आर्थिक प्रतिवेदन अध्ययन गर्ने मौकानै नदिई सभा हलमा मात्रै आर्थिक प्रतिवेदन उपलब्ध गराईयो । कम्पनीको वेवसाईट तथा अन्य कुनै पनि मध्यममा कम्पनीको आर्थिक प्रतिवेदन राखेको पाइन ।

३. समिक्षा आर्थिक वर्षमा कम्पनीको कार्यप्रगति र आम्दानीमा जे जति पनि आर्थिक अभिवृद्धि भएको छ त्यसको प्रमुख कारण र श्रेय समिक्षा आर्थिक वर्षमा नेपालमा पर्यटकहरुको आगमन बढ्नु हो । आम्दानी बढेकोमा म धन्यवाद दिन्न भन्दैं यो मुनाफा स्वतः आफै भएको स्वाभाविक वृद्धि हो भन्नु भयो । यो अभिवृद्धि कम्पनीको कार्यकुशलता र व्यावसायीक रणनीतिको परिणाम होइन भन्दै कम्पनीको व्यावसायीक रणनीति अझै सशक्त र बलियो हुनु पर्दछ भन्नुभयो ।

४. कम्पनीको शेयर पूँजी भन्दा संचित मुनाफा तथा जगेडा धेरै राखिएको छ र यसको कुनै आवश्यकता र औचित्य छैन । यस विषयमा कम्पनीका लेखापरीक्षकहरुले जवाफ दिनुपऱ्यो भन्दै यो लेखापरीक्षकहरुले भन्नुपर्ने कुरा हो भन्नुभयो ।

५. कम्पनीले शेयरधनीहरुलाई चुक्ता शेयर पूँजीको ३१.५८% दरले कुल लाभांश वितरण गर्न सिफारिस गरेकोमा गुनासो गर्दै पूर्ववक्ताले धन्यवाद दिनुभयो तर मैले धन्यवाद दिन्न भन्दै यदी शेयरधनीले दोश्रो बजारबाट बजार मूल्यमा शेयर किन्छ भने कम्पनीले लाभांश ४०% प्रतिशत किन नदिने भनी प्रश्न गर्नुभयो ।

६. कम्पनीको मुनाफा आर्जनको तथ्याङ्क हेर्दा अघिल्लो आर्थिक वर्षको २९.७२ करोडको तुलनामा समिक्षा आर्थिक वर्षमा ५५.५० करोड खुद मुनाफा गरेकोछ । कम्पनीले तुलनात्मक रुपमा ८० प्रतिशत भन्दा बढी मुनाफा अभिवृद्धि गरेको अवस्थामा सञ्चालक समितिले सिफारिस गरेको ३१.५८% लाभांश पर्याप्त होइन । यो कुरालाई आगामी आर्थिक वर्षमा सुधार गर्नु पर्‍यो ।

७. सोल्टी होटेल अन्तर्राष्ट्रिय अभ्यासको कम्पनी भएकोले अन्तर्राष्ट्रिय अभ्यास अनुसार कूल संचालन खर्च कूल संचालन आम्दानीको अनुपात ५% भन्दा बढी हुनुहुँदैन्थ्यो तर कम्पनीको तथ्यांक अनुसार हेर्दा यो १० प्रतिशतले धेरै देखिएको छ । यदी मितव्ययीता अपनाईएको भए खुद मुनाफा बढ्ने देखिन्छ । आन्तरीक र बाह्य लेखापरीक्षकहरुले यस विषयमा ध्यान दिनु पर्‍यो ।

८. कम्पनीको आगामी वर्षको लेखापरीक्षणमा वित्तीय लेखापरीक्षण मात्र नभएर कम्पनीको प्रगतीशील रणनीतिको समेत लेखाजोख गर्ने गरी कार्यसम्पादन लेखापरीक्षण गर्नुपर्‍यो जसमा कम्पनीको भावि लक्ष्य समेत समावेश हुनुपर्‍यो ।

**५. श्री दशरथ रिसाल**

१ कम्पनीको गत आर्थिक वर्षको वार्षिक साधारण सभामा मैले आगामी वर्ष कम्पनीको लाभांश दोब्बर दिनुहोला भनेकोमा समिक्षा आर्थिक वर्षको लागि ३१.५८ प्रतिशत कुल लाभांश दिने शिफारिश गरिएकोमा प्रशन्नता व्यक्त गर्दै यसमा सबै शेयरधनीहरु सन्तुष्ट हुनुभएको मैले पाएको छु भन्नुभयो ।

२ सोल्टी होटेलको **सोल्टी ब्राण्ड** नेपालमा चेन होटेलको रुपमा विकशित भई पूर्ण रुपमा स्थापित भैसकेको छ । अब यसलाई अन्तर्राष्ट्रिय स्तरमा लैजादैं विदेशमा पनि होटेल व्यावस्थापन गर्नुपर्दछ भन्ने मन्तव्य राख्नुभयो । अन्तर्राष्ट्रिय चेन होटेलको रुपमा जानका लागि नेपालका कानूनी व्यावस्थाहरु के कस्ता छन् र दुबिधा भए कसरी समाधान गर्न सकिन्छ सो विषयमा विचार विमर्श गरी अन्तर्राष्ट्रिय स्तरमा सोल्टी चेन होटेल व्यावस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

३ नेपालमा साविक र प्रस्तावित नयाँ अन्तर्राष्ट्रिय चेन होटेलहरुको ख्यातिप्राप्त ब्राणडहरुसंग प्रतिश्पर्धा गर्न सोल्टी होटेल सक्षम र सफल भएको उल्लेख गर्दै सोल्टी होटेलको व्यावसायीक कार्यदक्षता र कार्यसक्षमताले गर्दा सोल्टी होटल लिमिटेडले शेयरधनीहरुलाई निरन्तर राम्रो प्रतिफल दिईरहेको छ भन्नुभयो ।

४ कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत व्यावस्था गरिएको कोषको रकम सामाजिक क्रियाकलापहरुमा नेपाली समाजलाई अधिकतम फाइदा हुने राम्रो ठाउँहरुमा खर्च गरेको देखिएको छ जुन अत्यन्त सकारात्मक हो भन्नु भयो ।

५ कम्पनीले भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रीय विमानस्थल तथा पोखरामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रीय विमानस्थलमा समेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बायुसेवाहरुमा व्यावसायीक रुपमा इन फ्लाईट केटरिंग सेवा प्रदान गर्ने व्यवसाय विस्तार गरेको जनाएको छ जो निकै प्रशंसनीय कार्य हो भन्नुभयो ।

६ अन्त्यमा, नेपाल वायुसेवा निगमले सोल्टी होटल लिमिटेडको शेयर बिक्री गरी विमान किन्ने भन्ने चर्चा सुनिएको उल्लेख गर्दै सो सम्बन्धमा कम्पनीको संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।

**६. भर्चुवल भिडियो कन्फेरेन्स (जुम) प्रविधिको माध्यमबाट सहभागी शेयरधनीहरुको प्रश्न**

१ **श्री प्रेम बहादुर श्रेष्ठ**

शेयरधनी श्री प्रेम बहादुर श्रेष्ठज्यु (शेयरधनी हितग्राही खाता नम्बर १३०१०६००००३७९८२४ धारण गरेको शेयर संख्या १८०३) ले यती एयरलाइन्समा सोल्टी होटल लिमिटेडको कुनै प्रकारको लगानी भए नभएको सम्बन्धमा थाहा पाउन सक्दछु भनी प्रश्न गर्नुभयो ।

२ **श्री गणेश वर्मा**

शेयरधनी श्री गणेश वर्माज्यु (शेयरधनी हितग्राही खाता नम्बर १३०१७३०००१८६०३४७ धारण गरेको शेयर संख्या १०५) ले सोल्टी होटल लिमिटेडको भविश्यको परिदृश्य (भिजन) के छ ? सो सम्बन्धमा प्रष्ट पार्न अनुरोध गर्नुभयो ।

यस पछि कम्पनीको ४९औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुको तर्फबाट मन्तब्य राख्ने क्रम सकिएको थियो ।

लिल बहादुर खंत्री
कम्पनी सचिव

सोल्टी होटल लिमिटेड काठमाण्डौं

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ३

**(४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)**

**सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सरहाना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञाशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो :

**शेयरधनी महानुभावहरुले उठाउनु भएका कुराहरुको कार्यकारी अध्यक्षले दिनुभएको जवाफ**

सभाका सभापति तथा कार्यकारी अध्यक्षज्यूले आदरणीय शेयरधनी महानुभावहरुले कम्पनीको ४९औं वार्षिक साधारण सभामा छलफलको क्रममा अभिव्यक्त गर्नुभएको मन्तब्यहरुको लागि हृदय देखिनै आभार तथा कृतज्ञता व्यक्त गर्नुहुदै वक्ता शेयरधनी महानुभावहरुज्युहरुले उठाउनु भएका जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर प्रस्तुत गर्नुभयो ।

१. शेयरधनी महानुभावहरुले मन्तव्यको क्रममा अभिव्यक्त गर्नु भएको कम्पनीले अन्तर्राष्ट्रिय स्तरमा सोल्टी चेन होटेलहरु व्यावस्थापन तथा सञ्चालन गर्नुपर्ने सुझावको सम्बन्धमा कम्पनीको ध्यानाकर्षण भई सकेकोछ । वास्तवमा, कम्पनीका सोल्टी ब्राण्डका होटेलहरु नेपालका विभिन्न प्रदेशहरुमा पुगीसकेपछि हाम्रो ब्राण्ड विस्तार गरी व्यावसाय प्रवर्द्धन गर्ने कार्ययोजना राकने वा शिथिल हुनेछैन । अन्तर्राष्ट्रिय होटेल व्यावस्थापन प्रति हाम्रो दृष्टिकोण तथा अवधारणा स्पष्ट छ । नेपालको संभावित पर्यटन बजार भैरहवा, धनगढी र सुर्खेत बाहेक लगभग सबै प्रादेशिक व्यावसायीक केन्द्रहरुमा हाम्रो उपस्थिति रहेको छ। नेपालको कानूनले विदेशमा कुनै पनि किसिमको लगानी गर्न प्रतिबन्धित गरेको हुनाले कानूनको परिधिभित्र रही अन्तर्राष्ट्रिय स्तरमा होटेल व्यावस्थापनमा प्रवेश कसरी गर्ने र सो सम्बन्धमा चाहिने आवश्यक सबै साधन श्रोतहरुको व्यावस्थापन कसरी गर्ने सम्बन्धमा हामीले गम्भीरतापूर्वक अनुसन्धान तथा अन्वेषण गरी रहेका छौं भन्नुभयो । अन्तर्राष्ट्रिय होटेल व्यावस्थापनमा प्रवेश गर्ने अवधारणाको कार्यान्वयन नेपाली कम्पनीको लागि अत्यन्तै चुनौतिपूर्ण कार्य हो तथापी हाम्रो यसप्रति ध्यानाकर्षण भएकोछ भन्नुभयो ।

२. शेयरधनी महानुभाव श्री जीवन लाल बज्राचार्यज्यूले कम्पनीको वासलात, साधारण सभा हुनुपूर्व पठाउनु पर्दथ्यो । विद्युतीय माध्यमबाट वा अन्य कुनै माध्यमबाट समेत आर्थिक विवरणहरु उपलब्ध गराएको पाईएन, वेवसाइटमा समेत राखेको छैन भन्ने सन्दर्भमा कम्पनीको ४९औं वार्षिक आर्थिक विवरणहरु विद्युतीय माध्यमहरुमा सर्वत्र उपलब्ध रहेकाछन् र अहिले पनि देख्न सकिन्छ। राष्ट्रिय दैनिक पत्रिकामा समेत QR Code सहित दुई पटक सूचना सहित प्रकाशित गरिएको थियो। यसका अतिरिक्त कम्पनीको वेवसाइटमा समेत ४९औं वार्षिक आर्थिक विवरणको नेपाली र अग्रेजीका दुई पूस्तकहरु अपलोड रहेकाछन्। कम्पनीले विभिन्न माध्यमहरुबाट समेत ४९औं वार्षिक आर्थिक विवरण शेयरधनीहरुलाई सम्प्रेशण गरेको थियो । ४९औं वार्षिक आर्थिक विवरण शेयरधनीहरुको डिम्याट खातामा उपलब्ध व्यक्तिगत इमेलबाट समेत सम्प्रेषित गरिएको थियो ।

३. भर्चुअल अनलाइनमा उपस्थित हुनु भएका दुईजना शेयरधनी महानुभावज्यूहरुले पहिलो यति एअरलाइन्समा कम्पनीको लगानी छ वा छैन, र दोश्रो कम्पनीको भावि परिकल्पना कस्तो छ भन्ने सम्बन्धमा जिज्ञासा राख्नुभएको छ । सो सम्बन्धमा पहिलो सन्दर्भ यति एअरलाइन्समा कम्पनीको लगानी छैन । दोश्रो कम्पनीको भविश्यको परिकल्पना भनेको हाम्रो सोल्टी होटेल ब्राण्डलाई अन्तर्राष्ट्रियकरण गर्ने हो तर त्यो लगानीको माध्यमबाट सम्भव छैन त्यसैले विदेशमा होटेल व्यावस्थापनको जिम्मा लिएर गर्न सकिने वा नसकिने संभावना तर्फ हामीले अनुसन्धान तथा अन्वेषण गरी रहेका छौं । सो सम्बन्धमा हाम्रो ध्यान केन्द्रित भएको पनि छ । तथापी यो कार्य त्यती सहज भने छैन साथै यो चुनौतिपूर्ण कार्य पनि हो ।

४. शेयरधनी महानुभाव श्री दिनेश नारायण श्रेष्ठज्यूले कम्पनीको लगानीको सम्बन्धमा जानकारी गराउन अनुरोध गर्नुभएको सम्बन्धमा जहाँ जहाँ सोल्टी होटेल ब्राण्डका होटेलहरु व्यावस्थापन तथा सञ्चालनमा छन् नेपालगञ्ज बाहेक सबै होटलहरुमा सोल्टी होटल लिमिटेडको कुनै लगानी छैन । ती सबै होटेलहरुमा सोल्टी होटेलको ब्राण्ड मापदण्ड र ट्रेडमार्क व्यावस्थापन गरिएको हो र त्यसमा सोल्टी होटेलले ती होटेलहरुमा सोल्टीको ब्राण्ड, मापदण्ड र नाम सहितको ट्रेडमार्कको व्यवस्थापन गर्ने हो जसबापत सोल्टी होटललाई

नियमित रुपमा रोयल्टी प्राप्त हुन्छ । नेपालगञ्जको होटेलमा कम्पनीको सहायक कम्पनी मार्फत २४ प्रतिशतको लगानी छ । त्यस बाहेक अन्य कुनै पनि होटेलमा सोल्टी होटल लिमिटेडको कुनै पनि लगानी छैन । कम्पनीको लगानी नभएपछि नाफा-नोक्सान, वासलातमा देखाउने भन्ने विषय सान्दर्भिक भएन ।

५. शेयरधनीहरूको विगत आर्थिक वर्षहरुको बुझिलिन बाँकी रहेको कम्पनीको देय लाभांशको रकम भुक्तानी नभएको सम्बन्धमा कम्पनीबाट निरन्तर प्रयास भईरहेको भएतापनि अपेक्षीत भुक्तानी हुन सकेको छैन त्यसको कारण शेयरधनीहरु कम्पनीको सम्पर्कमा नआउनु नै हो । कम्पनीले पटक पटक सार्वजनिक सूचना निकाली यस सम्बन्धी जानकारी शेयरधनीहरु माझ गराई रहेकोछ । यस सम्बन्धमा धेरै प्रयास भईरहेको पनि छ । प्रयास हुँदा हुँदै पनि हामीले देय लाभांशको भुक्तानी गर्न सकेका छैनौं । विगत आर्थिक वर्षहरुको बुझिलिन बाँकी रकम कम्पनीको वेवसाइट तथा समय समयमा सूचनाहरु प्रकाशित भई रहेतापनि अपेक्षित भुक्तानी भएको देखिएन । अध्यक्षज्यूले शेयरधनीहरुलाई विगत आर्थिक वर्षहरुको बुझिलिन बाँकी रकम भएमा कम्पनीको शेयर रजिष्ट्रार वा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्न सभा समक्ष आग्रह समेत गर्नुभयो । शेयरधनीहरुको लाभांशको रकम शेयरधनीहरूले नै पाउनुपर्छ भन्ने कम्पनीको पनि चाहना हो ।

६. शेयरधनी श्री कुवेर लाल श्रेष्ठज्यूले कम्पनीका प्रमुख वित्तीय सूचांकहरु मध्ये समिक्षा आर्थिक वर्षको प्रति शेयर आम्दानी (Earnings Per Share) रु. ६.२७ बाट आगामी वर्ष प्रति शेयर आम्दानी रु. १० पुऱ्याउने लक्ष्य निर्धारण गर्न अनुरोध गर्नुभएको सन्दर्भमा कम्पनीको लक्ष्य पनि लगभग त्यहीनै हो व्यावसायमा अभिवृद्धिको ठुलो महत्व हुन्छ अभिवृद्धिको लागि नै व्यावसाय गर्ने हो आम्दानी बढाउने र वित्तिय अवस्थालाई प्रवलीकरण गर्ने भनेकै प्रति शेयर आम्दानी बढाउने कार्य हो ।

७. वक्ता शेयरधनीबाट मन्तव्यको क्रममा कम्पनीको शेयर पूँजी भन्दा संचित मुनाफा तथा जगेडा धेरै राखिएको ठीक भएन भन्ने सन्दर्भमा हाम्रो होटल सन् १९६९ मा ५८ बर्ष अघि बनेको पुरानो होटेल भएकोले अहिलेका आधुनिकतम सुविधायुक्त नयाँ होटलहरुसँग तीव्र प्रतिस्पिर्धा गर्नुपर्ने अवस्था छ । होटेलका भौतिक संरचना तथा सुविधाहरुको स्तरोन्नती, पुनर्ताजगीका लागि नविनिकिरण, पुर्ननिर्माण तथा आधुनिकिकरण गर्नुपर्दछ । नयाँ होटलहरुसँग प्रतिपर्स्धा गर्न सक्ने बनाउनु पर्ने भएको हुंदा कम्पनीले कमाएको मुनाफाबाट लगभग ५० प्रतिशत मुनाफाको रकम लाभांशको रुपमा शेयरधनीहरुलाई वितरण गर्ने र बांकी ५० प्रतिशत मुनाफा कम्पनीको संचित मुनाफा तथा जगेडा कोशमा राखी सो रकमबाट निरन्तर रुपमा होटेलको स्तरोन्नती र पुर्ननिर्माणको काम गरिरहेका छौं । भौतिक संरचनाहरुको स्तरोन्नती र पुनर्निर्माणको लागि आवश्यक रकम कम्पनीले बैंकबाट ऋण लिएर ब्यवस्थापन गर्ने हो भने कम्पनीले व्याजको भार बहन गर्नुपर्ने हुन्छ जो उपयुक्त बिकल्प होइन । संचित कोष व्यावस्थापनमा कम्पनीले अवलम्बन गरी अपनाएको यो पद्धति अनुसार कम्पनीले गरेको वित्तीय व्यवस्थापनको सम्बन्धमा बित्तीय संस्था तथा वाणिज्य बैंकहरुले समेत खुलेर प्रशंसा गर्ने गरेका छन् । अहिले पनि होटेलमा धमाधम पुनर्निर्माण तथा स्तरोन्नतीको कार्य भई रहेको छ । यस वर्ष होटेलको एउटा भवन प्रिन्सेप विंगका १०३ कोठाहरुको पुनर्निर्माण, स्तरोन्नती तथा आधुनिकिकरण हुदैछ । त्यस्तै एउटा अतिविशिष्ठ अतिथि भवन जसलाई हामी रिगल सुइट भन्ने गर्दछौं लाई पुनर्निर्माण तथा स्तारोन्नती गर्नुपर्ने भएकोछ त्यसको वित्तीय श्रोत संचित मुनाफा तथा जगेडा नै हो । यसरी नयां नयां आधुनिकतम सुविधायुक्त अतिथि कोठाहरु र रमणीय वातावरण प्रदान गर्दै होटेलले आफ्ना प्रतिस्पर्धीहरुलाई टक्कर दिंदै आम्दानी बढाउने हो तथा त्यसैको परिणामस्वरुप पछि शेयरधनीहरुलाई लाभांश वितरण गर्ने हो । यो नै हाम्रो लागि उपयुक्त मार्ग हुन सक्दछ ।

८. शेयरधनीले मन्तव्यको क्रममा कम्पनीको आर्थिक अभिवृद्धि तथा मुनाफाको प्रमुख कारण र श्रेय समिक्षा आर्थिक वर्षमा नेपालमा पर्यटकहरुको आगमन बढ्नु हो र यो स्वाभाविक अभिवृद्धि मान्नु पर्दछ भन्नु भएको सन्दर्भमा होटेलले गरेको दोब्बर भन्दा पनि बढी मुनाफा स्वाभाविक रुपमा देशमा पर्यटकहरुको आगमन बढेपछि आम्दानी पनि स्वतःस्फुर्त बढेको हो व्यावस्थापनको कुनै भुमिका छैन भन्ने तर्क युक्ति संगत छैन । आम्दानी अभिवृद्धि गर्न व्यावस्थापनले ठूलो मेहनत, चुनौतिहरु तथा प्रतिश्पर्धात्मक अवरोधहरुको सामनाका साथै कम्पनीको सबै सरोकार पक्षहरुले ठूलो मेहनत तथा व्यवसायीक दक्षताबाट आर्जन गरेको परिणाम हो । नेपालमा पर्यटक कोभिड–१९ अघि १२ लाख आएका थिए भने कोभिड–१९ पश्चात् सन् २०२३ मा १० लाख पर्यटकहरुको आगमन भएको छ तर यसै बीच नेपालको काठमाण्डौ शहरमा मात्रै पाँच तारे होटेलहरुमा कोठा संख्या ५१% ले थपिएका छन् । कोभिड–१९ पूर्व भन्दा पर्यटकको संख्या पनि घटेको छ र कोठा आपूर्ति ५१% ले बढेको छ । पर्यटकहरु खुरुखुरु होटेलमा प्रवेश गरेको हाईन त्यति सजिलो चाहिँ छैन यस सम्बन्धमा यहाँहरु भ्रममा नपर्नुहोला । सञ्चालक समिति लगायत व्यावस्थापन पक्षको निपूर्णता धेरै मेहेनत, रणनीतिक सुझबुझ, सवल बजारीकरण र हामी सबैले सामुहिकरुपमा गरेको कठोर मेहेनतका साथै पर्यटन बजारले पनि साथ दिईरहेको अवस्थाको परिणाम हो

समिक्षा आर्थिक वर्षको दोब्बर मुनाफा । हाम्रो ख्याति र यहाँहरुको सहयोग पनि यसमा अवश्य रहेको छ । तर त्यति सजिलो तरिकाले मुनाफा आर्जन भएको चाहिँ हैन । सन २०२२ मा ५ लाख पर्यटक आएका थिए भने सन् २०२३ मा १० लाख पर्यटक आए त्यसै अनुरुप सोही वर्ष त्यही दरमा ५१% ले कोठा संख्या पनि थपियो यो पाँच तारे होटेलहरुको मात्र कुरा हो । बाँकी ४ तारे, ३ तारे र तारे सेगमेन्टको हामीले कुनै हिसाब नै गरेको छैनौं । यस्ता कुराहरु मनन गर्न एकदम जरूरी छ ।

९. सोल्टी हाटेलमा पर्यटन प्रबर्द्धनका लागि ज्येष्ठ नागरिक विशेषाधिकार नीति (Senior Citizen Privilege) सम्बन्धी व्यावस्था अपनाई विदेशी ज्येष्ठ नागरिकहरुलाई होटेलमा आकर्षण गर्ने भन्ने सम्बन्धमा यो वास्तवमै राम्रो सुझाव हो यसलाई हामीले अनुसन्धान अन्वेषण गर्नेछौं ।

१०. सोल्टी होटल लिमिटेडको वार्षिक साधारण सभा, सोल्टी होटलको आफ्नै परिसरमा गर्नु पर्ने सुझावको सम्बन्धमा म यहाँहरुलाई स्मरण गराउन चाहन्छु कि कम्पनीको शेयर सर्वसाधारणलाई जारी गरी सार्वजनिक रुपमा सर्वसाधारणमा गएपछिको पहिलो १९औं बार्षिक साधारण सभा २०५० सालमा यसै प्रेक्षालयमा गरेका थियौं । त्यसपछिका तीनवटा बार्षिक साधारण सभाहरु यसै सभाहलमा भएका थिए भने एउटा चाहि राष्ट्रिय सभागृहमा भएको थियो । शेयरधनीहरुको अनुरोधमा धेरै वर्ष सम्म हामीले आफ्नै सोल्टी होटेल परिसरको सभा भवन मेघा मल्हार प्रेक्षालयमा बार्षिक साधारण सभाहरु गरेको थियौं । कम्पनीका शेयरधनीहरुको संख्या निकै धेरै हुंदै गएपछि सोल्टी होटेल परिसरको सभा भवनको क्षमताले नपुग्ने स्थीति आयो साथै शेयरधनीहरुको भिड नियन्त्रण भन्दा बाहिर जाने अवस्था र परिस्थिति उत्पन्न हुन गएको थियो । त्यसबेला हाम्रा आफ्नै शेयरधनीहरुलाई सुरक्षाकर्मीहरु बोलाएर नियन्त्रण गर्नुपर्ने अवस्था समेत सृजित भएको थियो । कम्पनीको बार्षिक साधारण सभामा धेरै भन्दा धेरै शेयरधनीहरुलाई उपस्थिति गराउन् उद्देश्यले अभिप्रेरित भई ठूला सभाहलहरुमा बार्षिक साधारण सभा गर्ने निर्णय गरिएको हो । ठूला र फराकिला प्रेक्षालयमा वार्षिक साधारण सभा गरी सबै शेयरधनीहरुलाई समेट्ने प्रयास गरिएको विषयलाई शेयरधनीहरुले अन्यथा लिनु भएन ।

११. शेयरधनी महानुभावको बार्षिक साधारण सभा बाहिर गरेर कम्पनीको खर्च बढ्छ भन्ने सम्बन्धमा स्पष्ट पारौं कि हामीले आज होटेल बाहिर ४९औं बार्षिक साधारण सभा गरी रहदा हाम्रो होटेलको मेघा मल्हार हलमा अतिविशिष्ठ सम्माननीय अतिथिज्यूको समुपस्थितिमा उच्चस्तरीय कार्यक्रम सञ्चालन भइरहकोछ । यसले गर्दा कम्पनीको आम्दानी बढेकोछ कुनै नोक्सान भएको छैन । आर्थिक रुपमा विश्लेषण गर्दा पनि होटेलले आफ्नो साभाहल ग्राहकको कार्यक्रमको लागि विक्री गरेर आफ्नो वार्षिक साधारण सभा होटल बाहिर गर्दछ भने त्यो कम्पनीको लागि आर्थिक रुपमा बढी फाईदाजनक हुन्छ, यसप्रति शेयरधनीहरुले मनन गर्नुहुनेछ ।

१२. शेयरधनीज्यूको काठमाण्डौं उपत्यकामा पनि एक भन्दा बढी होटलहरु सोल्टीको ब्राण्डमा ल्याउनका लागि दिनुभएको सुझावको सम्बन्धमा पर्यटन बजारको विशुद्ध माग देखिएमा कम्पनीले काठमाण्डौं उपत्यकामा पनि सोल्टीको ब्राण्डमा होटेलहरुको संख्या बढाउन सक्दछ । जसबाट कम्पनीले ब्यवस्थापन गरेका होटलहरुको संख्यामा बृद्धि हुने, कम्पनीको ब्यावसायको क्षेत्र विस्तार, र आम्दानीमा अभिवृद्धि हुन सक्दछ । तथापी सोल्टीले व्यावस्थापन गर्ने काठमाण्डौं उपत्यकाका त्यस्ता होटेलहरुको औचित्यताको विश्लेषण भने गर्नुपर्दछ । यसमा विभिन्न ब्राण्डका आफ्नै होटलहरु वीच व्यावसायीक प्रतिष्पर्धाका कारण ब्राण्डमा नकारात्मक प्रभाव, होटेल र ब्राण्डको ख्यातिमा कुनै प्रतिकुल असर नपरोस् भन्ने परिप्रेक्षमा बजार विश्लेषण तथा अध्ययन आवश्यक हुन्छ ।

अन्त्यमा कम्पनीका कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनीमहानुभावहरुमा हार्दिक शुभकामना तथा धन्यवाद दिनुहुँदै आफ्नो प्रत्युत्तरको क्रम समाप्त गर्नुभयो ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञाशा र प्रश्नहरुको प्रत्युत्तर दिनुभए पश्चात् सभा समक्ष बांकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ४

(४९औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)

**लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति सम्बन्धी सिफारिशको प्रस्तुती**

४९औं साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, **श्री रवि भक्त श्रेष्ठज्यू**ले सभा समक्ष कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

**कार्यकारी अध्यक्ष तथा सभाका सभापति महोदय,**
**सहकर्मी संचालक समितिका सदस्यज्यूहरु,**
**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**
**कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू,**
**व्यवस्थापन समुहका पदाधिकारीज्यूहरु,**
**कानूनी सल्लाहकार, र लेखापरीक्षकज्यूहरु,**
**तथा वेबिनार भर्चुवल कन्फरेन्सको माध्यमबाट र भौतिक रुपमा यहाँ उपस्थित महिला एवं सज्जनबृन्द,**

आदरणीय शेयरधनी महानुभावहरु, यहांहरुलाई कम्पनीको यस ४९औं वार्षिक साधारण सभामा म, लेखापरिक्षण समिती तथा कम्पनीको तर्फबाट यस स्वर्णनिम बिहानीमा हार्दिक स्वागत तथा अभिवादन सहित अभिनन्दन गर्दछु ।

चालू आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०८० आश्विन ७ गते आइतबारका दिन कम्पनीको लेखापरीक्षण समितिको ८४औं बैठकमा बिस्तृत छलफल भई कम्पनीको मिति २०८० मंसिर १ गते शुक्रबारका दिन बसेको संचालक समितिको २४७औं बैठकमा लेखापरीक्षण सिमतिले संचालक समिति समक्ष प्रतिवेदन समेत प्रस्तुत गरेको जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको कार्यकाल ४९औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुंदैछ ।

शेयरधनी महानुभावहरु समक्ष निवर्तमान लेखापरीक्षक श्री बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्को कार्यकाल लगातार तीन वर्ष पुगिसकेकोले कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम निजहरुको पुर्ननियुक्ति हुन नसक्ने कानुनी व्यवस्था रहेको सभा समक्ष जानकारी गराउंदछु ।

आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा नेपालका लेखापरीक्षक फर्महरु मध्येबाट श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्, श्री प्रविन जोशी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, र श्री एन. आमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् गरी तीन लेखापरीक्षक फर्महरुबाट कम्पनीको लेखापरिक्षण गर्ने सम्बन्धी प्रस्ताव र कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन निजहरु योग्य भएको कुराको लिखित जानकारी लेखापरीक्षण समिति समक्ष प्राप्त हुन आएको थियो ।

आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी विषयमा लेखापरीक्षण समितिमा पेश भएका तीन प्रस्तावहरु उपर बिस्तृत छलफल विवेचना पश्चात् लेखापरीक्षण समितिले **श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्** संस्थालाई चालु आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक र कर लेखापरीक्षकमा नियुक्त गर्न शिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई कम्पनीको यस ४९औं वार्षिक साधारण सभा समक्ष अनुमोदन एवं प्रस्ताव पारित गर्नका लागि पेश गर्ने निर्णय भए अनुरुप श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई वैधानिक लेखापरीक्षक र कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावलाई यस सभाबाट पारित गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

साथै, **श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्**को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल पश्चात गत आर्थिक वर्ष २०७९/८० को पारिश्रमिक सरह भुक्तानी गर्ने गरी साविक लेखापरीक्षण शुल्कमा कुनै पनि बृद्धि नगरी चालू आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको बैधानिक लेखापरीक्षण तथा कम्पनीका सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र प्रमाणीकरण समेत गर्नको लागि **मुल्य अभिबृद्धि कर बाहेक रु.४,९५,०००** (रुपैयां चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) र कम्पनीको चालू आर्थिक वर्ष २०८०/८१ को **कर लेखापरीक्षण** गर्नको लागि मुल्य अभिबृद्धि कर बाहेक **रु. १,१०,०००** (रुपैयां एक लाख दश हजार मात्र) पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) निर्धारण गर्न सिफारिश गरी यस ४९औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम प्रस्तुत प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ४९औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**